BMC JOURNAL OF SCIENTIFIC RESEARCH
*A Multidisciplinary Peer Reviewed Research Journal*
ISSN: 2594-3421 (Print), 2773-8191 (Online)

# ‘श्वेतभैरवी’ कथामा प्रजाति

**राजेन्द्र गिरी**

नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालय, भरतपुर, चितवन
E-mail: rajendragiri191@gmail.com

Received: August 26, 2025, Accepted: Dec. 17, 2025
DOI:

**सारसङ्क्षेप**

*प्रस्तुत लेख साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको “श्वेतभैरवी” कथाको प्रजाती अध्ययनसँग सम्बन्धित छ। यो फ्रान्सेली दार्शनिक हिप्पोली टेनको साहित्यिक समाजशास्त्रीय विश्लेषणको आधारमध्ये एक हो । यिनको “हिस्ट्री अफ इङ्ग्लिस लिटिरेचर” नामक ग्रन्थबाट साहित्यको समाजशास्त्रीय अध्ययन परम्पराको प्रारम्भ भएको हो। यिनले साहित्यलाई समाजका बारेमा थाहा पाउने मूलस्रोत मानेका छन् । उनले समाजशास्त्रीय अध्ययनपद्धतिअन्तर्गत जाति (प्रजाति), युग (क्षण) र परिवेश (पर्यावरण) सम्बन्धी सिद्धान्त प्रस्तुत गरेका छन् । यस कथामा फगुनीको असामान्य यौनमनोविज्ञानलाई विषयवस्तु बनाइएको छ। यसका लेखक म पात्रले आफ्नो जीवनमा पैँतिस वर्षअगाडि घटेको घटना स्मरणका रूपमा देखाइएको छ। यस कथामा प्रमुख पात्र फगुनीको असामान्य यौनमनोविज्ञानलाई यथार्थ चित्रण गरिएको छ। कथामा लेलाहकी छोरी फगुनीको यौनाकाङ्क्षालाई विषयवस्तुमा समेटिएको पाइन्छ। यस कथाले पुरुष र स्त्रीजातिको सामाजिक तथा सांस्कृतिक व्यवहार, क्रियाकलाप, स्वभावहरूको चित्रण गरेको छ। यस कथामा समाजका उच्च, मध्यम र निम्न वर्गीय जातीय संस्कारको वर्णन छ। यसमा कथाकारले म पात्रको घरमा काम गर्न बसेकी फगुनीलाई माध्यम बनाई हैकमवादी व्यवहारको यथार्थ देखाइएको छ। सहजआनुवंशिक गुण, समानसांस्कृतिक, जलवायु र भूगोलका सन्दर्भहरू प्रजातिको रूपमा आएको छ। निम्नवर्गीय पात्र फगुनीको बालस्वभाव पहिचान गर्दै उनको यौनमनोविज्ञानलाई हिप्पोली टेनको सैद्धान्तिक मान्यताका आधारमा यस कथाको समाजशास्त्रीय विश्लेषण गरिएको छ।*

**शब्दसूची** : *यौनमनोवैज्ञानिक, सहजआनुवंशिक, समानसांस्कृतिक, निम्नवर्गीय, प्रजाति, जलवायु र भूगोल।*

## १. विषयपरिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१-२०३९) नेपाली साहित्यजगत्का विशिष्ट प्रतिभावान् व्यक्ति हुन् । उनले नेपाली साहित्यमा कथा, कविता, निबन्ध, उपन्यासजस्ता विधामा सफलता प्राप्त गरेका छन् । उनका *दोषीचस्मा* (२००६) र *श्वेतभैरवी* (२०३९) दुईवटा कथासङ्ग्रह प्रकाशित छन् भने *तीनघुम्ती* (२०२५), *नरेन्द्रदाइ* (२०२६), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) र *बाबु, आमा र छोरा* (२०४५) गरी छवटा उपन्यासहरू प्रकाशित छन् । विश्वेश्वरप्रसाद कोइरालाको प्रथम प्रकाशित नेपाली कथा ‘चन्द्रवदन’ (१९९१) हो । उनले यसै कथाबाट कथायात्रा सुरु गरेका हुन् । उनका कृतिमा मनोवैज्ञानिक, सामाजिक, मानवतावादी, नियतिवादजस्ता विचारहरूको कलात्मक प्रस्तुति भएको पाइन्छ । उनले नेपाली कथामा पाश्चात्य विचारलाई प्रविष्ट गराएका छन् । कोइरालाका कथामा पाइने साहित्यिक मनोविज्ञानका आदर्शहरू र संस्कृति सापेक्षवादका सिद्धान्तको प्रतिपादन, कला अनुशासनको अनुपालन र निजीपनका विविध आयामलाई समेटिएको पाइन्छ । ‘श्वेतभैरवी’ (२०२८) कथा कोइरालाको कथायात्राको तेस्रो चरणको पहिलो कथा हो । कोइरालाको ‘श्वेतभैरवी’ व्यक्ति समस्यामूलक रतिरागात्मक कथा हो । यस कथामा मानवीय यौनअचेतनको खोजी गरिनुका साथै चिन्तनप्रधानता, चेतना मनोवैज्ञानिक र बालमनोविज्ञानलाई महत्त्वपूर्ण पक्ष बनाइएको छ । यस कथामा फगुनीको दमित यौनअचेतनको

इच्छाहरूलाई अभिव्यञ्जित गरिएको छ । कथामा असामान्य नारी यौनमानसिकता, संवेगको सहज र उत्कृष्ट अभिव्यक्ति छ। यस कथामा नोकर लेलाहकी छोरी फगुनी केवट संस्कृतिको पात्र हो। उसलाई दमित यौनअचेतनको प्रभावले असामान्य अवस्थामा पुऱ्याएको कोणबाट यो कथा महत्त्वपूर्ण मानिन्छ। यस कथाको अध्ययन विभिन्न कोणबाट गर्न सकिने भए तापनि यस लेखमा प्रजातिको कोणबाट मात्र अध्ययन गरिएको छ।

## २. अध्ययनको विधि

'श्वेतभैरवी' विश्लेश्वरप्रसाद कोइरालाको असामान्य नारी यौनमनोविज्ञानमा आधारित कथा हो । यसमा नारी पात्रको यौनअचेतन, सामाजिक, सांस्कृतिक, मानसिक, आर्थिक, भौतिक, नैतिक आदि कुराहरूलाई आधार बनाएर लेखिएकाले व्यक्तिमनका विविध मनोदशा विश्लेषण गर्दा यस कथामा प्रयोग भएका पात्रहरूको भौगोलिक संस्कृति, नैतिकता, सामाजिकता, आर्थिक र चारित्रिक विशेषताहरूको प्रयोग भएको स्थिति र सन्दर्भको अवस्था के, कस्तो र कसरी रहेको छ? भन्ने प्राज्ञिक जिज्ञासा उत्पन्न भएको छ। यिनै विविध कारणको समस्यालाई अध्ययनको समस्या बनाइएको छ।

'श्वेतभैरवी' कथालाई विभिन्न सैद्धान्तिक आधारमा अध्ययन गर्न सकिन्छ। ती आधारहरूमध्ये फ्रान्सेली दार्शनिक हिप्पोली टेनको समाजशास्त्रीय पद्धतिअन्तर्गत जाति, क्षण र परिवेशको आधार बनाई प्रयोग भएका पात्रहरूको भौगोलिक संस्कृति, नैतिकता, सामाजिकता, आर्थिक र चारित्रिक विशेषताहरूको अध्ययनको मूल समस्यालाई अध्ययनको उद्देश्य बनाई विश्लेषण गरिएको छ।

साहित्यको समाजशास्त्रीय सिद्धान्तमध्ये हिप्पोली टेनको प्रजातिसम्बन्धी सिद्धान्तको आधारमा 'श्वेतभैरवी' कथाको प्रजाति पहिचान गरिएको छ। अध्ययन गर्ने क्रममा प्रजातिसम्बन्धी सिद्धान्तलाई आधार मानी निगमनात्मक विधिको प्रयोग गरिएको छ भने कथा विश्लेषणका क्रममा आगमनात्मक विधिको उपयोग गरिएको छ।

## ३. सैद्धान्तिक पर्याधार

टेनको साहित्यको समाजशास्त्रीय विश्लेषणको त्रिसूत्रीय धारणामध्ये प्रजाति एक हो। प्रजातिसम्बन्धी साहित्य विश्लेषणको अवधारणा १९औं शताब्दीमा निकै चर्चामा रहको विषय हो (जैन, सन् १९९२, पृ. २३)। साहित्यिक कृतिमा प्रजातिलगायत अन्य समाजशास्त्रीय विषयको अध्ययनको परम्परा अठारौं शताब्दीबाट भएको देखिन्छ। अठारौं शताब्दीमा गियाम्बाटिस्टा विकोले होमरका काव्यकृतिहरूको अध्ययनका आधारमा ग्रिसेली समाजको विवेचना गरेदेखि पाश्चात्य समालोचनाका क्षेत्रमा सामाजिक अध्ययन परम्पराको सुरुआत भएको पाइन्छ (क्षेत्री, २०६४, पृ. १७) । विकोले होमरका विश्वचर्चित कृतिहरू *इलियड* र *ओडेसी*मा पाइने पात्र, युग र समाजको अध्ययन गरेका थिए। यस क्रममा उनले *इलियड*मा सम्पूर्ण युनानभरि युद्धका कारण मानिसमा प्रतिशोध, आवेग र आक्रोशको मनोविज्ञान जन्मिएको धारणा राख्दै प्रजातिसम्बन्धी प्रारम्भिक चिन्तन प्रस्तुत गरेका थिए। यस्तै उनले *ओडेसी*मा युद्धको आक्रोश क्रमशः मत्थर हुँदै चिन्तन, मनन र विवेकले प्रतिरोधी भावनालाई जित्दै गरेका अवस्थालाई चित्रण गरेको कुरा उल्लेख गरेका छन् (जैन, सन् १९९२, पृ. १४)।

विकोपछि हर्डर (१७४४-१८०३) ले अठारौं शताब्दीमा प्राचीन ग्रीक नाटकहरू र पुनर्जागरणकालीन बेलायती नाटककार सेक्सपियरका नाट्यकृतिका भिन्नता प्रस्तुत गरेका छन्। यसमा उनले साहित्यकार आफ्नो जाति, युगको धारणाबाट प्रभावित हुन्छ भन्ने तथ्य प्रस्तुत गरेको पाइन्छ (क्षेत्री, २०६४, पृ. २१) । यसबाट साहित्यमा स्रष्टाले प्रजाति, क्षण र पर्यावरणको प्रतिबिम्बन गरेको हुन्छ भन्ने तथ्यलाई पुष्टि गर्दछ।

साहित्यको समाजशास्त्रीय अध्ययनको यही पृष्ठभूमिमा हिप्पोली टेनले (सन् १८२८-१८९३) साहित्यको समाजशास्त्रीय विश्लेषणको प्रवर्तन गरेको मानिन्छन्। उनी फ्रेन्च दार्शनिक, साहित्यकार, राजनीतिज्ञ तथा निबन्धकारका रूपमा चर्चित रहेका छन्। उनका *हिस्ट्री अफ इङ्गलिस लिटरेचर, द फिलोसोफी अफ आर्ट* र *जर्नी अफ इटली*जस्ता ग्रन्थमा साहित्य र समाजको बारेमा व्यापक दृष्टिकोण प्रस्तुत गरिएको छ। यीमध्ये उनको *हिस्ट्री अफ इङ्गलिस लिटरेचर* नामक कृतिमा प्रयोग भएको 'रेस' (Race), 'इपोच' (Epoch) र 'सर्कमस्टेन्स' (Circumstance) शब्दलाई फरक फरक रूपमा अनुवाद गरिएको पाइन्छ।

यसैलाई नेपालीमा प्रजाति, क्षण र पर्यावरणका सन्दर्भमा प्रयोग गरिएको पाइन्छ । टेनको सिद्धान्तमा मानवचेतनाको स्थल प्रबल रूपमा प्रस्तुत भएको पाइन्छ । उनले समाज, संस्कृति, कला, साहित्य, भाषा अध्ययनको लक्ष्य मनुष्यको बारेमा जान्नु हो भनेका छन् । उनले अङ्ग्रेजी साहित्यको भूमिकामा कलाकृति अध्ययनको उद्देश्य मानवका बारेमा थाहा पाउनु र मानव ज्ञानको साध्य पहिल्याउनु रहेको बताएका छन् । उनका विचारमा साहित्यको प्रयोजन वास्तविक मनुष्यका बारेमा जान्नु र उसको विवेक र प्रतिभाको पहिचान गर्नु हो भन्ने छ (पाण्डेय, सन् १९८९, १२३) । उनले कतिपय सन्दर्भमा साहित्यको इतिहास लेखनको मूल प्रयोजन मनुष्यको आत्मा, उसको मनोविज्ञान तथा अन्तर्जगत्को बोध गर्नुलाई पनि स्वीकार गरेका छन् ।

साहित्यमा प्रजातिको उपस्थितिको सन्दर्भमा टेन सहज गुणका रूपमा यसलाई हेर्नुपर्ने धारणा अगाडि सार्दछन् । उनी यस्ता गुणहरू आनुवंशिक रूपमा लिएर आउने तथ्य प्रस्तुत गर्दछन् । यसैले प्रजाति समाजशास्त्रीय अध्ययनको सापेक्ष तत्व हो । समान सांस्कृतिक विशेषताले पनि प्रजातिको निर्माण गर्दछ । फरक जलवायु, भूगोल र खानपानजस्ता कुराले समान र भिन्न वंशानुगत विशेषता निर्माण गर्दछ । यसर्थ प्रजातिको निर्माणमा क्षण र परिवेशको पनि प्रभाव रहने गर्दछ ।

जात (कास्ट) भन्ने अवधारणा स्पेनेली र पोर्चुगिज शब्द 'कास्टा' बाट लिइएको छ । जसको अर्थ समूह (ब्रिड) वा वंश (लिनेज) हुन्छ । पोर्चुगिजहरूले भारतीय जाति-व्यवस्थालाई जनाउनका लागि कास्ट शब्दको प्रयोग गरेका थिए । संस्कृतमा वर्ण (Varna) लाई कास्ट को ठाउँमा प्रयोग गरिएको देखिन्छ । जातको अवधारणा हिन्दुदर्शन वा विचारसँग जोडिएको छ । हिन्दु किम्वदन्तीका अनुसार जातको उत्पत्ति प्राचीन आर्यन संस्कृतिका चार वर्णहरूसँग जोडिएको भन्ने पाइन्छ । टेनले प्रजातिअन्तर्गत व्यक्तिको सहज तथा वंशानुगत विशेषता, मानसिक बनावट, शारीरिक संरचना आदिको चर्चा गरेका छन् । यति हुँदाहुँदै एक प्रजाति देश, कालको दृष्टिले टाढाटाढा फैलन जाँदा पनि फेरि उसमा केही समान विशेषताहरू अवश्य रहन्छन् । प्रजातिको चरित्रगत विशेषता निर्माणमा जलवायु, माटो र इतिहासका महान् घटनाको हात रहन्छ । त्यसैले प्रजातिको विशिष्ट चेतना वा सौन्दर्यानुभूति चरित्रमा देखा पर्दछ । प्रजातिअनुसार नै सौन्दर्यको आदर्श विकास हुन्छ (पाण्डेय, सन् १९८९, पृ. १२४) । वंशानुगत गुण भन्नाले कुनै प्रजातिमा परम्परादेखि सर्दै आएका विशेषता भन्ने बुझिन्छ । वंशानुगत गुणको निर्माण रज र वीर्यको संयोगबाट भएको हुन्छ । यी दुवैको सम्मीलनबाट सन्तान पैदा हुन्छन्, जसमा आमा र बाबुका वाहकाणु रहेका हुन्छन् (क्षेत्री, २०६४, पृ. २१) । यिनै वाहकाणुले गर्दा नै प्राणी काला, गोरा, पहेला र विभिन्न शारीरिक विशेषता भएका हुन्छन् । वाहकाणुले नै वंश-परम्परादेखि प्राणीको शारीरिक र मानसिक निर्माण रहेको हुन्छन् ।

टेनले प्रजातिको धारणामा आफ्ना समकालीन चिन्तक डार्विनको विचारबाट पनि सहयोग लिएका हुन् (पाण्डेय, सन् १९८९, पृ. १२५) । डार्विनका अनुसार विषम परिस्थितिमा कुनै प्राणी परिस्थितिको सामना गर्न सक्षम हुन्छन् र हुँदैनन् । जुन प्राणीले विषम परिस्थितिमा आफूलाई प्रकृतिसँग अनुकूलित बनाउँदैनन् ती स्वतः नष्ट भएर जान्छन् भने जसले अनुकूलित बनाउँछन् ती मात्र बाँच्दछन् । डार्विनको *सर्भाइवल अफ द फिटेस्ट*मा यससम्बन्धी धारणा प्रस्तुत गरिएको छ । यसरी आफूलाई प्रकृतिअनुकूल बनाउँदा प्राणीको वाहकाणुमा नयाँ गुणको प्रभाव परेपछि त्यसको कारणले नयाँ प्रजातिको चरित्र निर्माण हुन्छ (क्षेत्री, २०६४, पृ. २२) ।

टेनको वंश-परम्पराबाहेक प्रजातिलाई छुट्याउने आधार शारीरिक बनावटलाई लिएका छन् । शारीरिक बनावट भन्नाले मान्छेको उचाइ तथा मोटाइ अनि आकार-प्रकार भन्ने बुझिन्छ (क्षेत्री, २०६४, पृ. २२) । टेनले आर्यहरूको उदाहरण दिँदै एउटा प्रजाति विभिन्न देशमा फैलिए तापनि ती प्रजातिका मौलिक विशेषता तथा पदचिह्न कायम रहने कुरा बताएका छन् (अलवेचट तथा अन्य, सन् १९७०, पृ. ३५४) । टेनका दृष्टिमा सिन्धुघाँटीको सभ्यतासँग सम्बन्धित कतिपय आर्यहरूको स्वभाव जोडेर भए पनि सधैं स्नान गर्ने खालको पाइन्छ । आर्य तथा चिनियाहरू शारीरिक बनावटमा भिन्नता देखिन्छ, किनभने चिनियाँहरूको सानो नाक, चिम्से आँखा भएका प्रायः होचा कद र अनुहारमा दाह्री-जुँगा नभएका हुन्छन् (क्षेत्री, २०६४, पृ. २२) ।

यसरी मान्छेको शारीरिक संरचना वा बनावटमा अन्तर देखिनमा मानवको वंशानुगत विशेषता झल्कन्छ । टेनले अङ्ग्रेजहरू युद्धकौशल तथा औद्योगिक प्रतिभा सम्पन्न भएकाले विश्वभरि आफ्नो व्यापार फैलाउन सफल रहेको कुरा बताउँदै एउटा

जातिमा विशेष प्रतिभा हुन्छ भन्ने उल्लेख गरेका छन् ।

एउटा प्रजातिको इतिहासको महान् घटनाहरूको विशिष्टतामा साहित्यको सौन्दर्यानुभूति प्रकट हुन्छ। प्रजातिगत चरित्रअनुसार नै सौन्दर्यको आदर्श विकसित हुन्छ । सत्रौं शताब्दीमा फ्रान्समा मोन्तेन, पुनर्जागरणकालीन इङ्ग्ल्यान्डमा सेक्सपियर र जर्मनीमा गेटे आफ्नो युग तथा समाजका प्रजातिगत चारित्रिक विशेषता हुन् भन्ने टेनको विचार छ। उनका मतमा प्रतिभा एउटा शक्ति हो, जसको विकास प्रजातीय चरित्रबाट सुदृढ बन्दै जान्छ। शिक्षा र ऐतिहासिक घटनाले थप शक्ति आर्जन गर्न सहयोग गर्दछ। परिस्थिति र बाह्य तत्त्वले मान्छेको प्रतिभाको विकासमा सहयोग पुऱ्याउँछ तर जन्मजात पैदा भएको प्रतिभा नै सिर्जनाको मुख्य कारण हो (टेन, सन् १९०६, पृ. ५०) । टेनको मतमा सम्पूर्ण साहित्यचिन्तनको लक्ष्य समाजको मानवजाति तथा प्रजातिबारे जान्नु हो। कृतिको सर्जक र कृतिमा व्यक्त भएका मानवका बारेमा जान्नका निम्ति साहित्यको अध्ययन आवश्यक हुन्छ। कुनै पनि साहित्यिक कृति आकाशबाट अवतरित भएको हुँदैन । प्रत्येक पुस्तक कुनै समयका प्रजातिहरूको छाया जस्तो हुन्छ। जसरी प्राणीको अवशेष र खोलबाट प्राचीन प्राणीको अध्ययन गर्न सकिन्छ त्यसरी नै कृतिको अध्ययनबाट मानव प्रजातिको अध्ययन गर्न सकिन्छ (क्षेत्री, २०६४, पृ. २३)। प्राचीन अवशेष र पुस्तक दुवै निर्जीव वस्तु हुन् तर यिनीहरूको अध्ययनबाट कुनै समयका जीवित मानव अस्तित्वको अध्ययन हुन सक्छ। यसरी टेनले प्रजातिलाई साहित्यको समाजशास्त्रीय अध्ययनका निमित्त एउटा मुख्य विषयका रूपमा लिएका छन् ।

यस लेखमा हिप्पोली टेनको समाजशास्त्रीय अवधारणालाई आधार बनाएर विश्लेषण गरिएको छ। उनले प्रजाति, क्षण र परिवेशसम्बन्धी समाजशास्त्रीय मान्यता उल्लेख गरी यस लेखमा प्रजातिसम्बन्धी अवधारणालाई मात्र आधार बनाई व्याख्या र विश्लेषण गरिएको छ।

फ्रान्सेली दार्शनिक हिप्पोली टेनको प्रजातिको व्याख्या सहज वंशाणुगत गुण, समानसांस्कृतिक विशेषता, जलवायु र भूगोलसम्बन्धी मान्यता उल्लेख गरेकाले सोही आधारमा 'श्वेतभैरवी' कथाको व्याख्या र विश्लेषण गरिएको छ। उनले प्रजातिका सन्दर्भमा प्रस्तुत गरेका आधारहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ ः

### ३.१ सहजआनुवंशिक गुण

जैविक तथा प्राकृतिक रूपमा एक पुस्ताबाट अर्को पुस्तामा सर्ने समान आनुवंशिक गुण हो। कृत्रिमता नरहने यस्ता गुणहरूमा बाह्य प्रभावीहरूको खासै भूमिका रहँदैन । अपौरुषिय स्वभावका यस्ता प्रवृत्तिहरू वंशानुगत आचरणमा निहित हुन्छन् । नश्लीय सम्बन्धले समान र भिन्न अभिलक्षणको निर्धारण हुने गर्दछ । यसर्थ कृतिमा जातिको पहिचानका लागि सहज अनुवंशिक गुणको खोजी गर्नु जरुरी हुन्छ (चौहान, २०७४, पृ. २१) ।

परम्परागत रूपमा भएका पुस्तौं-पुस्ताका गुणहरू तिनका सन्तानमा सर्ने प्रक्रियालाई वंशानुक्रम भनिन्छ। यसलाई अङ्ग्रेजीमा हेरिडिटी भनिन्छ। प्रत्येक बाबुआमामा भएका गुणहरू गर्भको सन्तानमा सर्दछन् । सामान्यतः बाबुबाट पचास र आमाबाट पचास प्रतिशत वंशानुगत गुणहरू तिनका सन्तानमा सर्दछन् । पुरुष कोषको शुक्रकीट र स्त्री कोषको डिम्बको संयोगबाट गर्भधारण हुन्छ (टेन, सन् १९०६, पृ. ५०) । यी दुवैको कोषको केन्द्रमा तेईस जोडा वंशसूत्र (क्रोमोजोम) हुन्छन् । यी वंशसूत्रमा अनगिन्ती गुणसूत्रहरू (जीन) रहेका हुन्छन्। यिनै गुणसूत्रले नै आमाबाबुमा निहित गुणहरू गर्भधारणको समयमा तिनका सन्तानमा प्रसारित हुन्छन्। यस प्रकार एउटा नयाँ सृजित शिशुमा असी हजारदेखि एक लाख बीस हजारसम्म गुणहरू रहन्छन् । गुणसूत्रले बालकको शरीरको ढाँचा, आँखाको रङ्ग, केशको रङ्ग र विभिन्न व्यवहारका साथै हात, खुट्टा, कान, छाती, घाँटीलगायतका सम्पूर्ण अङ्ग-प्रत्याङ्गमा आमाबाबुसँग मिल्दो प्रभाव पार्दछ (पौडेल, २०७२, पृ. २२-२३) । वंशाणुक्रमको प्रभाव व्यक्तिको सम्पूर्ण जीवनभरि परेको हुन्छ। मानव जीवनका सामाजिक, आर्थिक, सांस्कृतिक, भौतिक, नैतिक, मानसिक, चारित्रिक विशेषता जस्ता पक्षहरूमा यसको प्रत्यक्ष प्रभाव रहन्छ।

### ३.२ समान सांस्कृतिक विशेषता

संस्कृति सामाजिक आचार वा व्यवहार हो। समाजसापेक्ष तथा समाज निरपेक्ष रूपमा संस्कृतिको उपस्थिति कृतिमा रहन्छ। यही समाजसापेक्ष रहने समाज सांस्कृतिक अभिलक्षणहरूले जातिगत स्वरूप निर्धारण गर्दछ । सांस्कृतिक समानताका

दृष्टिकोणले कालान्तरमा पृथक् र समान जातिको पहिचान गर्न सकिन्छ (चौहान, २०७४, पृ. २१)। संस्कृति त्यो जटिल समग्रता हो, जसमा ज्ञान, विश्वास, कला, आचार, प्रथा तथा अन्य क्षमता अनि आचरण समावेश हुन्छ। संस्कृतिका आधारमा नै मानिसले समाजको सदस्यता प्राप्त गर्दछ (क्षेत्री, २०७४, पृ. २८)। यसरी संसारका सांस्कृतिक गुणहरू, सांस्कृतिक जटिलताहरू, सांस्कृतिक ढाँचाहरू आदिमा समानता देख्न सकिन्छ। समान किसिमको वातावरणमा मानिसको सोच्ने र चिन्तन गर्ने प्रक्रिया पनि समान रूपमा रहने गर्छ। यही कारणले सबै स्थानमा समान आविष्कार (प्यारालल इन्भेन्सन) भएको मान्न सकिन्छ। वातावरणको भिन्नताका कारणले गर्दा एउटै संस्थाको पनि विभिन्न रूपहरू हुन सक्छन्। यस अर्थमा हेर्ने हो भने भिन्न-भिन्न स्थानमा पनि समान संस्कृति पाउन सकिन्छ। समान आविष्कारको कुरा गर्दा कृषिको आविष्कार दक्षिणपूर्व एवम् दक्षिण-पश्चिम एसिया तथा अमेरिकामा समान रूपमा भएको पाइन्छ। कागजको निर्माण र छापाखानाको आविष्कार पनि पूर्व र पश्चिममा एकैसाथ भएको देखिन्छ। त्यसैले संस्कृति भनेको मानिसको जैविक वंशानुगत गुण नभई सामाजिक वा सांस्कृतिक उत्पादन मानिन्छ। त्यसैले संस्कृति जैविक रूपमा एउटा पुस्ताबाट अर्को पुस्तामा वंशाणुद्वारा सर्ने नभएर समयको गतिसँगै सामाजिकीकरणको माध्यमबाट मानिसहरूले सिक्दै जाने गर्दछन्।

साहित्य र संस्कृतिका बिचमा घनिष्ट सम्बन्ध रहेको हुन्छ। वस्तुतः संस्कृति मानवको श्रेष्ठतम संस्कार हो। शब्द, स्वर, रेखा, रङ्ग, प्रतीक आदिको सहायताबाट साहित्यकारले जुन कुरा व्यक्त गरेको हुन्छ त्यो कुरा संस्कृतिको अङ्ग विशेष हो (क्षेत्री, २०६४, पृ. ३१)। यो सामाजिक परम्परा अनि लिखित वा मुद्रित शब्दका माध्यमबाट पनि हाम्रो सामुन्ने उपस्थित भएको हुन्छ। यसकारण साहित्य संस्कृतिको एक खण्ड वा अंश हो। संस्कृति बाह्य प्रकट हुने विविध माध्यममध्ये साहित्य पनि एक विशिष्ट माध्यम हो। संस्कृतिको परिधि अत्यन्त ठूलो छ, साहित्य त्यस ठूलो क्षेत्रको एउटा अङ्ग हो।

### ३.३ जलवायु र भूगोल

कुनै पनि जाति कस्तो जलवायु र भूगोलमा विचरण गर्दछ भन्ने कुरा भिन्न जलवायु र भूगोलको सापेक्षतामा हेर्न सकिन्छ। वास्तवमा यस अवस्थितिले जातिगत स्वरूप निर्धारण गर्दछ। समान नश्लीय सम्बन्ध रहे तापनि भौगोलिक सीमा फरक-फरक भएमा वा भूगोलअनुसारको जलवायुगत परिवर्तनले जातिगत स्वरूप निर्धारण गर्दछ (चौहान, २०७४, पृ. २१)। साहित्यमा यही फरक जातिको निर्माणको स्वरूप खोज्नु जरुरी रहन्छ। वातावरण र मानिसका बिचमा खास खालको सम्बन्ध हुने गर्छ, जसले गर्दा कृतिमा पनि सांस्कृतिक विविधता पाइन्छ। वातावरण र संस्कृतिबिचको अन्तरसम्बन्धबाट नै मानिसको सांस्कृतिक ढाँचा र जीवनशैलीको उत्पत्ति, विकास र निर्धारण भएको पाइन्छ। ग्रिक दार्शनिक प्लेटो र अरस्तुले हावापानीलाई सरकारसँग सम्बन्धित गरेर हेरेको देखिन्छ। उनीहरूको विचारमा ग्रिकमा प्रजातान्त्रिक सरकार हुनुमा त्यहाँको आदर्श हावापानी भएको उल्लेख गरेको पाइन्छ।

टेनले प्रजातिसम्बन्धी सिद्धान्तको निर्माणमा विकासवादी डार्विनबाट प्रभाव ग्रहण गरेको देखिन्छ। डार्विनका अनुसार विषम परिस्थितिमा केही प्राणी परिस्थितिको सामना गर्न सक्षम हुन्छन् र केही हुँदैनन्। जो प्राणी विषम परिस्थितिमा प्रकृतिको सामना गर्न सक्दैनन् ती स्वतः नष्ट भएर जान्छन् र सामना गर्न सक्ने बाँच्दछन्। जुन प्राणीले आफूलाई प्रकृतिको अनुकूल बनाउँछ त्यही प्राणी जीवित रहन सक्दछ। यसरी प्रकृतिको अनुकूल बनाउँदा प्राणीको वाहकाणुनमा नयाँ गुणको प्रभाव परेपछि त्यसको कारणले गर्दा नयाँ प्रजातिको उत्पत्ति हुन्छ र त्यही पछि गएर त्यसको प्रवर्तक हुन्छ (क्षेत्री, २०६४, पृ. २२)। यसरी वातावरणका प्रभावमा विभिन्न प्रजातिको चरित्र निर्माण हुन्छ। वातावरणीय वा भौगोलिक निर्धारणवादको मुख्य मान्यता भनेको नै वातावरणले संस्कृतिलाई निर्धारण गर्छ भन्ने हो। कुनै पनि ठाउँको प्राकृतिक हावापानी, भौगोलिक स्थिति र परिवेश जस्तो छ त्यस्तै खालको संस्कृति विकास हुने गर्छ। वातावरण भन्ने कुराको अस्तित्व संस्कृतिको भन्दा पहिले नै हुने भएकाले संस्कृतिले त केवल आफूलाई त्यहाँ समायोजन गर्नका लागि मात्र अग्रसर हुने गर्दछ। प्रारम्भमा मानिस एउटै जातिको थियो भने कसरी मानिस एउटा जातिबाट अलगअलग वर्गमा विभाजित भयो र यसबाट पनि बेग्लाबेग्लै प्रजातिमा आयो भन्ने प्रश्नको उत्तरमा टेनले प्रजातिको निर्माणमा माटो तथा प्रर्यावरणले भूमिका खेलेको हुन्छ भनेका छन्। यसरी टेनले प्रजातिको निर्माण र उनीहरूको चरित्रगत विशेषता जलवायु, बसोबास, माटो र उनीहरूको इतिहासको महान धारणाबाट

निर्मित हुने कुरा बताएका छन् (वेलेक, सन् १९५५, पृ. २६) । यसरी प्रजातिमा जलवायु र भूगोलले संस्कृतिको विशेषताको स्वरूप निर्धारण गर्न सघाउँछ। साहित्यमा ती गुणहरूको प्रकटीकरण कसरी भएको छ खोज्नु पर्ने देखिन्छ।

## ४. 'श्वेतभैरवी' कथामा प्रजाति

'श्वेतभैरवी' कथाको समाजशास्त्रीय विश्लेषणका निमित्त फ्रान्सेली दार्शनिक हिप्पोली टेनको मान्यतालाई मुख्य आधार बनाइएको छ। उनले साहित्यका समाजशास्त्रका निमित्त कृतिमा रहेको प्रजातिको माध्यमबाट पनि अध्ययन सम्भव हुन्छ भन्ने मान्यता राखेका छन् । म पात्रले आफ्नो जीवनमा पैंतिस वर्षअगाडि घटेको एउटा घटना संस्मरणका रूपमा प्रस्तुत गरेका छन् । निम्नवर्गीय केवट जातको लेलाहकी छोरी फगुनी र म पात्रले कथाको प्रतिनिधित्व गरेका छन् । यी दुवैका अतिरिक्त म पात्रका बाबु, आमा, सानीमा, फुपूहरू, सहपाठीहरू आदि पनि आएका छन् । तिनीहरूको प्रतिनिधित्वलाई निम्नलिखित आधारमा विश्लेषण गरिएको छ :

### ४.१ 'श्वेतभैरवी' कथामा सहजआनुवंशिक गुण

'श्वेतभैरवी' कथामा फगुनी पात्रले नै प्रमुख भूमिका खेलेकी छे । ऊ निम्नवर्गीय केवट जातको लेलाहकी छोरी हो । ऊ अत्यन्त राम्री छे तर राम्रो खानपान नहुँदा युवावस्थामा नै चाउरिएको आँपजस्तो भएर बस्नु परेको छ। फगुनी म पात्रको घरमा काम गर्छे। घरमा सबै व्यक्ति आ-आफ्नो काममा गएको बेला म पात्रएक्लै घरमा बसिराखेको हुन्छ। मनमा अनेक किसिमका तर्कना गरिरहेको समयमा फगुनी कोठा लिप्न आउँछे । फगुनीले सानाबाबुलाई 'किन, दुलही नभएर एक्लै बसेको ?' भनी ठट्टा गर्छे। फगुनीको कुरा सुनेर म पात्रले लाज मान्छ। सानोबाबुले फगुनीलाई 'तिम्रो दुलाहा खोई ?' भन्दा ऊ काँप्न थाल्छे र उसैलाई 'आफ्नो दुलाहा' भनी लखेट्छे। यौनले मात्तिएकी भैरवीको लखेटाइमा परेको सानोबाबुको दाहिने घुँडामा बाँसले काटेर गहिरो घाउ पर्छ। फगुनी शान्त भएर उसको चोटप्रति सहानुभूति व्यक्त गर्दछे। सानोबाबुले यो कुरा कसैलाई थाहा दिँदैन तर उसको साथी मिट्ठुले घाउ देखेपछि औषधी गरिन्छ। केही समयपछि म पात्र र फगुनीको भेट हुन्छ। फगुनीले चुमौनको अर्थ नबुझेको सोध्छ। म पात्र सम्झन्छ र उसको स्थिति बुझ्न खोज्छ।

यस कथामा नेपाली मूल जातिका स्त्री तथा पुरुष प्रजातिअन्तर्गत बाहुन र केवट जातिको उपस्थिति रहेको छ । कथामा प्रजातिका सहजआनुवंशिक गुणलाई समावेश गरिएको छ । कथामा फगुनीको वंश तथा जातीय पहिचानलाई पनि प्रस्तुत गरिएको छ । कोशीको किनारमा बसोबास गर्ने लेलाह केवट जातिकी छोरी फगुनीको शारीरिक बनोटको चर्चा कथामा यसप्रकार गरिएको छ :

> *त्यो असाधारण ढङ्गबाट गोरी थिई । गाउँका काला, ताम्र र हामीजस्तो गहुँगोरो वर्ण भएका मानिसहरूमध्ये फगुनीको गोरोपन असाधारणजस्तो थियो । त्यसका आँखा खैरा थिए, सानासाना कपालले स्वर्णिम आभा लिएको थियो । यदि शृङ्गार प्रसाधनद्वारा आफूलाई सजाउन सक्ने भएकी भए वर्ण, केश र आँखाले त्यो दक्षिण युरोपकी नारीजस्ती लाग्ने थिई । (पृ. २११)*

कथाको यस अंशमा फगुनीको आनुवंशिक गुणलाई उसको आँखाको रङ्ग, कपालको आभा तथा शरीरको गोरोपनको माध्यमबाट प्रस्तुत गरिएको छ। नेपाली मूल प्रजातिअन्तर्गत पूर्वी तराईमा बसोबास गर्ने जातीय पहिचानलाई कथामा प्रस्तुत गरिएको छ। यस कथामा आएको म पात्र र फगुनीको जातीय परिचय भिन्न-भिन्न किसिमको छ। म पात्र ब्राह्मण परिवारको कुलीन व्यक्तिको रूपमा रहेको छ भने फगुनी उसको घरमा काम गर्ने मजदुर प्रजातिकी पात्र हो। काम गर्ने नोकर्नी भए तापनि उसको शारीरिक सुन्दरता भने उच्चआनुवंशिकतालाई देखाउने किसिमको छ। म पात्रले फगुनीको यौनउन्मादलाई यसप्रकार प्रस्तुत गरिएको छ :

> *उसका खैरा आँखा चम्के, निलो या कालो आँखामा जति ... को भान हुन्छ । त्यति खैरा आँखामा हुँदैन ठिक हो, तर विनोदताको लटक खैरो आँखामा छिटै छल्किन्छ । त्यही टलक उसको आँखामा आज मैले देखें । (पृ. २१३)*

कथाको यस अंशमा आँखामा रहेको यौनजन्य चञ्चलतालाई म पात्रले स्पष्टसँग देखेको वर्णन गरिएको छ। स्त्री यसबाट

यौवनले परिपूर्ण प्रजातीय गुणलाई फगुनीको यस क्रियाकलापले झल्काएको छ। कथाको प्रस्तुत अंशले शान्त र स्वाभाविक अवस्थामा आएकी फगुनीको चरित्रका माध्यमबाट पतिको प्रतीक्षामा रहेकी फगुनीको प्रजातीय पहिचानलाई म पात्रले यसरी गराएको छ :

> *उसका खैरा आँखाले आफ्नो स्वभाव पुनः प्राप्त गरिसकेका थिए, शरीरले आफ्नो प्राकृतिक वर्ण, त्यसमा अब तनाव थिएन, सिंगको स्थानमा तरुणीको स्वभावमय उभार मात्र थियो। जो मैलो चोलो र आँचलले छोपिएको थियो। हात र गोडामा हिलो अझै लागेको थियो तर त्यो गृहकार्य निमग्न नारीको स्वाभाविक लक्षण थियो। लेलाहाकी दुहिता, चुमौन भइसकेकी तर दिरागमनका लागि पतिको प्रतीक्षा गर्दै बसेकी हाम्री नोकर्नी फगुनी। (पृ. २१६)*

कथाको यस अंशमा फगुनीको शान्त शारीरिक अवस्थाको वर्णन गरी यौनउत्तेजना शान्त भएपछिको आनुवंशिक गुणलाई चिनाइएको छ। बाबु लेलाह र उसकी छोरीको वंशानुगत गुणमा समानता नभएको सङ्केत गरिएको पाइन्छ।

### ४.२ 'श्वेतभैरवी' कथामा समान सांस्कृतिक विशेषता

'श्वेतभैरवी' कथामा म पात्रको घरमा काम गर्ने फगुनीको समाजशास्त्रीय अध्ययन गर्ने क्रममा उनमा रहेको यौनउन्मादलाई देखाइएको छ। नेपाली समाजमा आर्थिक स्थिति बलियो भएका व्यक्तिहरूले घरायसी काम गर्नका लागि कामदार राख्ने प्रचलन रहेको छ। यस कथामा पनि यस किसिमको प्रचलनलाई निरन्तर संस्कारका रूपमा देखाइएको कुरा यसप्रकार छ :

> *फगुनी हाम्रो घरमा काम गर्थी। एउटा ठूलो परिवार भएको हाम्रो घरका सानातिना काम गर्दागर्दै पनि फगुनीलाई दिनभर लाग्थ्यो। कोठाहरूमा कुचो लाउनु, लिप्नु, पानी भर्नु र यसप्रकारका सानासाना गृहस्थीमा परीपरी आउने काम गर्नु। (पृ. २१२)*

कथाको यस अंशमा फगुनीले म पात्रको घरमा काम गर्ने, सानातिना पारिवारिक काम गर्दा दिन बित्ने र काम सक्नलाई धौधौ परेको अवस्थालाई देखाइएको छ। नेपाली समाज विशेष गरी अशिक्षा र अन्धविश्वासले भरिएको छ। समाजमा विभिन्न किसिमका लोकप्रचलनहरू व्यवहारमा छन्। यस किसिमका प्रचलनलाई 'श्वेतभैरवी' कथा निम्नानुसार प्रस्तुत गरिएको छ :

> *सान्नानीले भनेको बोक्सीको कुरा पनि झल्याँस्स सम्झें। श्मशानमा हाड चबाउने कालो थुतुनो भएको बोक्सीको कुकुर पनि मनमा आयो। किचकन्याहरूले पल्टेको गोडा र छातीमा उम्रेको सिङ पनि निरवताको बाक्लो पर्दामा छायाँजस्तो मैले देखें। (पृ. २१३)*

कथाको यस अंसमा बोक्सी, बोक्सीको कुकुर, किचकन्या आदिका विषयमा रहेका अन्धविश्वासलाई प्रस्तुत गरी समानसांस्कृतिक विशेषतालाई देखाइएको छ। उक्त विषयवस्तुबाट उत्पन्न हुने भय तथा आतङ्कले समाजको परम्परागत यथार्थलाई चित्रण गरेको छ। कथामा विवाहसम्बन्धी सामाजिक प्रचलनलाई सांस्कृतिक परिचयका रूपमा देखाइएको छ। फगुनीको चुमौन भएको तर गौना नभएको प्रसङ्गलाई देखाइएको छ। यसले नेपालको पूर्वी तराईमा बसोबास गर्ने जातिको सामाजिक संस्कारलाई प्रस्तुत गरेको छ। लेलहा केवटको आर्थिक अवस्था प्रस्तुत गरेर निम्नवर्गीय मानिसको जीवनावस्था प्रस्तुत गरेर निम्नवर्गीय मानिसको जीवनावस्था निकै नाजुक रहेको सामाजिक स्थिति कथामा देखाइएको छ। यस कथामा असमानता, अन्धविश्वास, कुरीतिजस्ता सामाजिक व्यवहारलाई समान सांस्कृतिक विशेषताका रूपमा प्रस्तुत गरिएको छ।

### ४.३ 'श्वेतभैरवी' कथामा जलवायु र भूगोल

'श्वेतभैरवी' कथा पूर्वी तराईको भौगोलिक परिस्थितिमा लेखिएको छ। जलवायु तथा भूगोलका दृष्टिले प्रजातीय पहिचान गर्न सकिने कथाहरूमध्ये यो कथा पनि एक हो। यस कथामा जलवायु तथा भूगोलको सङ्केत यसरी गरिएको छ :

> *वर्षाऋतु सिद्धिएर शरदको प्रथम चरण पृथ्वीमा परेको थियो। कोशी आफ्नो रौद्र नर्तन, विध्वंशकारी ... मा जति क्षेत्र र आरण्य, ग्राम, गृह, मनुष्य र पशुहरूलाई त्यस वर्षका लागि ... थियो ग्रसेर पुनः आफ्नो सीमित परिधिमा प्रवेश गर्न लागेको थियो, तर अझै त्यस नदीको उत्पादका चिन्ह ठाउँठाउँमा जमेको जलराशि, दह, पैनी, हिलो र दलदल चारैतिर देखापर्थे, मानौं ताण्डव त थामियो तर त्यसको थर्कन अझै वायुमण्डलमा काँपिरहेको थियो। पृथ्वी प्रसव*

> *वेदनाबाट व्यूँभिएकी जस्ती थिई, त्यस्तै चिसी, कातर नदीको किनारमा काँसको टल्किने मुकुट हावामा हल्लिरहेको थियो । फाटफुट रङ्गीविरङ्गी पुतली हावामा रङ्गले उत्पातसँग पोतेको हलुका ढुङ्गाजस्तो यताउति बगिरहेका थिए । वायुमा चिसोपन प्रवेश गरिरहेको अनुभव शरीरलाई हुन्थ्यो । वायु मधुरो वेगमा बग्थ्यो । जसले त्यसै मनुष्यलाई फूर्ति आउँथ्यो । (पृ. २१०)*

कथाको यस अंशमा कोशी नदीमा आएको बाढी र त्यसले निम्त्याएको विनाशको चित्रण गरिएको छ । त्यहाँको वातावरणले त्यस क्षेत्रको जनजीवनलाई प्रभावित पारेको देखाइएको छ । कथाको सुरुमा जलवायु र भूगोलको सङ्केतले त्यस क्षेत्रको बसोबास गर्ने जातिलाई प्रत्यक्ष रूपमा प्रभावित पारेको देखिन्छ । शरद ऋतुको समय भएका कारण चिसो हावाको स्पर्शले कुनै पनि व्यक्तिलाई प्रभावित पार्न सक्ने वातावरणको पनि चित्रण गरिएकाले शीतल हावाले मनुष्य शरीरमा स्फूर्ति आउने कुरा यस कथांशमा व्यक्त भएको देखिन्छ ।

जलवायु र भूगोलको प्रभाव त्यस क्षेत्रका प्रजातिमा पाइन्छ भन्ने कुरालाई कथाको यस अंशले समेत पुष्टि गर्दछ ः

> *दिनभरि बाबु खेतमा काम गर्न गएको बेलामा एक्लै घर कुर्दै त्यही रुखको मुनि माटोमा खेल्दी हो र बीचबीचमा गएर नुहाउँदी पनि हो । त्यसको स्वभाव रचनामा कोशी नदीको त्यो भङ्गालो, त्यो आँपको रुख र पिता लेलहाको प्रभाव पऱ्यो होला । (पृ. २१२)*

कथाको यस अंशमा फगुनीको बाल्यकालको चित्रण छ । अभिभावक खेतमा काम गर्न गएको समयमा फगुनी माटोमा खेल्दै, नदीमा नुहाउँदी होली भन्ने बालस्वभावलाई देखाइएको छ । फगुनीका बालस्वभाव नदीजस्तै सफा, स्वच्छ र कञ्चन छ । लेलहाको छाप्रोअगाडि हुर्किन नसकेको आँपको रुख, गाँठैगाँठा परेको, फल कहिल्यै बढ्न नपाउने र टिकोरा अवस्थामा सुकेर झर्ने, फलको स्थानमा फगुनीको बाल्यकाल बितेको चित्रण गरिएकाले जलवायु र भूगोलको सम्बन्ध प्रजातिमा रहने चित्रण गरिएको देखिन्छ ।

## ५. निष्कर्ष

'श्वेतभैरवी' कथा विश्वेश्वरप्रसाद कोइरालाको तेस्रो चरणको पहिलो कथा हो । यो कथा २०२८ सालमा *मुकुट* नामक पत्रिकामा प्रकाशित भएको पाइन्छ । त्यसपछि यो कथा *श्वेतभैरवी* (२०३९) कथासङ्ग्रहमा समावेश गरी प्रकाशित भएको छ । 'श्वेतभैरवी' कथामा फ्रायडवादी सिद्धान्तअनुसार पात्रमा अचेतनको खोज र उसका दमित यौनाकाङ्क्षाको अभिव्यक्ति पाइन्छ । यस अध्ययनमा फ्रान्सेली दार्शनिक हिप्पोली टेनको प्रजातिका आधारमा अध्ययन गरिएको छ । कथामा प्रयुक्त बालपात्रका मानसिक संवेगहरूलाई विषयवस्तु बनाई प्रस्तुत गरिएको छ । फगुनी निम्नवर्गीय केवट जातको लेलाहकी छोरी हो । लेखकका मुखपात्र अर्थात् म पात्र बाहुन जातका हुन् । कथामा फगुनीको वंश तथा म पात्रको जातीय पहिचान स्पष्ट रूपमा आएको छ । पुरुष जाति र स्त्री जातिको व्यवहार, क्रियाकलाप र सामाजिक तथा सांस्कृतिक स्वभाव सहज रूपमा देखिएको छ । कथाकारले म पात्रको घरमा काम गर्ने फगुनीलाई माध्यम बनाई नेपाली समाजको हैकमवादी व्यवहारलाई देखाएका छन् । यो नेपाली संस्कृतिको एउटा रूपमा प्रचलनमा रहेको देखिन्छ । कथामा फगुनीको गौनाको प्रसङ्ग आएको छ । केवट जातको विवाहको संस्कारलाई पनि कथामा सांस्कृतिक रूपमा प्रस्तुत गरिएको देखिन्छ ।

यस कथामा जलवायु र भूगोलका कारणले जातीय पहिचान गरिएको छ । निम्नवर्गीय पात्र फगुनी पानीमा खेलेको र यस्ता वर्गीय पात्रहरू नदी, खोला र बाढीबाट बढी प्रभावित हुने कुरा पनि स्पष्ट रूपमा देखाइएको छ । निम्नवर्गीय पात्र लेलाहकी छोरी फगुनीको बालस्वभावको माध्यमबाट कथाकारले जलवायु र भूगोलको पहिचान गरेको स्पष्ट रूपमा देख्न सकिन्छ । त्यसैले 'श्वेतभैरवी' कथामा कथाकार कोइरालाले बाहुन, मधेशी जातिको पात्रीय उपस्थिति गराउनु, निम्नवर्गीय पात्रको प्रयोग गर्नु सहज अनुवंशिक गुणको आधारमा यौनमनोवैज्ञानिक जातिगत पात्रको उपस्थिति हुनु, कथामा सामाजिक व्यवहार चेतना, वैवाहिक अवस्था, विश्वास र आचरण, जातीय उपस्थिति देखाउनु, समाजका उच्च, मध्यम र निम्नवर्गीय जातीय संस्कार कथामा देखाउनु, पहाडी भूगोलको संयोजन कथामा स्थानको वर्णनका माध्यमबाट प्रस्तुत गर्नु, जातिगत जीवनशैली देखाउनु, पहाडमा जनजीवन कष्टकर हुने र तराइमा सहज हुने, पहाडी हावापानी चिसो हुने र तराइको हावापानी केही उष्णता

थपिने हुनाले पात्रको लवाइखवाइमा भिन्नता देखाउनाले टेनको प्रजातिसम्बन्धी मान्यताका आधारमा 'श्वेतभैरवी' कथामा प्रजाति उपस्थिति सशक्त रहेको पाइन्छ ।

**सन्दर्भ सामग्रीसूची**


कोइराला, विश्वेश्वरप्रसाद (२०६८), *श्वेतभैरवी* (आठौं. संस्क.). ललितपुर : साझा प्रकाशन ।

क्षेत्री, उदय. (२०६४), 'इन्द्रबहादुर राईका कथामा समाजशास्त्र'. अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

चौहान, ईश्वर (२०७४), 'हृदयचन्द्रसिंह प्रधानका उपन्यासमा जाति, क्षण र पर्यावरण'. अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

जैन निर्मला (सन् १९९२), *साहित्य का समाजशास्त्रीय चिंतन*. दिल्ली : हिन्दी माध्यम कार्यान्वयन निर्देशालय. दिल्ली विश्वविद्यालय ।

पाण्डेय, मेनजर (सन् १९८९), *साहित्य के समाजशास्त्र की भूमिका*. चण्डीगढ : हरियाणा साहित्य अकाद्मी ।

पौडेल, युवराज (२०७२), 'लैनसिंह बाङ्देलका उपन्यासमा प्रजाति, परिवेश र युग'. अप्रकाशित शोधपत्र. दर्शनाचार्य तह. कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

शर्मा, हरिप्रसाद (२०५०), *विश्वेश्वरप्रसाद कोइरालाका कथा*. ललितपुर : साझा प्रकाशन ।

Albercht, Milton C. and Others (1970), *The Sociology of Art and Literature*, London : Dokworth.

Taine, Hippolyte (1906), *History of English Literature,* London : Chatto and Windus.

Wellak, Rene (1955), *A History of Modern Criticism*, London : Jonathan Cape.